नेपाल सरकार
गृह मन्त्रालयको
सूचना

नेपाल सरकारले २०६५ साल वैशाख १ गतेदेखि २०६५ साल चैत्र मसान्तसम्म एक वर्षभरिमा सबै सरकारी कार्यालयहरुलाई देहाय वमोजिमका सार्वजनिक एवं पर्व विदाहरु दिने निर्णय गरेको छ।

१. वर्षभरिका शनिवार विदा :

| | | | |
|---|---|---|---|
| (क) | वैशाख - ७,१४,२१,२८ ( ४ दिन ) | (ख) | जेठ - ४,११,१८,२५,३२ (५ दिन ) |
| (ग) | असार - ७,१४,२१,२८ (४ दिन ) | (घ) | साउन -४,११,१८,२५,३२ (५ दिन ) |
| (ङ) | भदौ - ७,१४,२१,२८ (४ दिन ) | (च) | असोज - ४,११, १८,२५ (४ दिन ) |
| (छ) | कात्तिक -२,९,१६,२३,३० (५ दिन ) | (ज) | मङ्सिर - ७,१४,२१,२८ (४ दिन ) |
| (झ) | पुष - ५,१२,१९,२६ (४ दिन ) | (ञ) | माघ - ४,११, १८,२५ (४ दिन ) |
| (ट) | फागुन -३, १०, १७,२४ (४ दिन ) | (ठ) | चैत - १,८,१५,२२,२९ (५ दिन ) |

जम्मा : ५२ दिन

२. पर्व बिदाहरु :

(क) नववर्ष, वैशाख १ गते आइतवार।

(ख) सुदूर-पश्चिमाञ्चल विकास क्षेत्रका गौरा पर्व मनाउने जिल्लाहरुमा गौरा पर्व (गौरा पूजा) पर्ने दिन।

(ग) किराँत राई लिम्बू जातिको उभौली पर्व - चण्डी पूर्णिमा (वैशाख पूर्णिमा) जेठ ६ गते सोमबार।

(घ) जनै पूर्णिमा, रक्षावन्धन (ऋषि तर्पणी) श्रावण ३२ गते शनिबार ।

(ङ) इस्लाम धर्मावलम्वीहरुको पर्व ईद (इदुल्ल फित्र) असोज १६ गते विहिवार (अक्टोवर २ तारिख) का दिन।

(च) छठ पर्व कार्तिक १९ गते मंगलवार।

(छ) इस्लाम धर्मावलम्वीहरुको पर्व बकर ईद (इदुल जोहा) मंसिर २५ गते बुधवार (डिसेम्वर १० तारिख) का दिन।

(ज) किराँत पर्व उधौली पूजा, योमरी पुन्ही - ज्यापु दिवस (मङ्सिर-पूर्णिमा, धान्य पूर्णिमा) मंसिर २७ गते शुक्रवार।

(झ) इसाई धर्मावलम्वीहरुको पर्व क्रिसमस डे, (डिसेम्बर २५ तारिख) पौष १० गते विहिबारका दिन।

(ञ) तमूल्होछार पौष १५ गते मंगलबार।

(ट) माघी पर्व माघ १ गते बुधबारका दिन।

(ठ) सोनम ल्होसार (माघ शुक्ल प्रतिपदा) माघ १४ गते मंगलबारका दिन।

(ड) महाशिवरात्री, फाल्गुण १२ गते सोमवार।

(ढ) फागुपूर्णिमा, फाल्गुण २७ गते मंगलवार र देहायका जिल्लाहरुमा फाल्गुण २८ गते बुधवार।



Scanned by CamScanner

जिल्लाहरुको नाम

| | | | |
|---|---|---|---|
| १. झापा | २. मोरङ्ग | ३. सुनसरी | ४. सप्तरी |
| ५. उदयपुर | ६. सिरहा | ७. धनुषा | ८. महोत्तरी |
| ९. सर्लाही | १०. रौतहट | ११. बारा | १२. पर्सा |
| १३. नवलपरासी | १४. रुपन्देही | १५. कपिलवस्तु | १६. दाङ |
| १७. बाँके | १८. बर्दिया | १९. कैलाली | २०. कञ्चनपुर |

(ण) सिरुवा पावनी पर्वका दिन त्यस्तो पर्व मनाउने झापा, मोरङ्ग, सुनसरी, सिराहा र सप्तरी जिल्लामा ।

(त) नेपाली सिख धर्मावलम्वी सरकारी कर्मचारीहरुलाई गुरु नानक जयन्तीका दिन ।

(थ) धवधाम्वु छेउचिक पर्वका दिन त्यस्तो पर्व मनाउने जिल्लाहरुमा स्थानीय विदा ।

३. महिला कर्मचारीहरुको लागि मात्र :

(क) हरितालिका (तीज), भाद्र १७ गते मंगलवार ।

(ख) ऋषि पञ्चमी, भाद्र १९ गते विहिवार ।

(ग) नारी दिवस, (मार्च ८) फागुन २५ गते आइतवार ।

४. शिक्षण संस्थाहरुको लागि मात्र :

वशन्त पञ्चमी, माघ १८ गते शनिवार ।

५. काठमाडौं उपत्यकालाई मात्र जात्रा विदा :

(क) गाईजात्रा, भाद्र १ गते आइतवार ।

(ख) इन्द्रजात्रा, भाद्र २९ गते आइतबार ।

(ग) मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा ।

६. दशैं बिदा :

(क) घटस्थापना, आश्विन १४ गते मंगलवार ।

(ख) आश्विन २० गते सोमवारदेखि आश्विन २५ गते शनिवारसम्म (फूलपातीदेखि द्वादशीसम्म) ।

(ग) कोजाग्रत पूर्णिमा आश्विन २८ गते मंगलवार ।

७. तिहार बिदा :

(क) लक्ष्मीपूजा, कार्तिक १२ गते मंगलवार ।

(ख) गोवर्धन पूजा, म्ह पूजा, नेपाल सम्वत कार्तिक १३ गते बुधवार ।

(ग) भाइटिका कार्तिक १४ गते विहिवार ।

८. दिवस बिदा :

(क) लोकतन्त्र दिवस, वैशाख ११ गते बुधवार ।

(ख) विश्व मजदुर दिवस, (मे १), वैशाख १९ गते विहिवार ।

(ग) निजामती सेवा दिवस, भाद्र २२ गते आइतवार ( निजामती कर्मचारी ( विदेश स्थित नेपाली नियोगहरुमा कार्यरत समेत ), अदालत तथा संवैधानिक निकायका कर्मचारीहरुलाई मात्र ) ।



Scanned by CamScanner

(घ) शहीद दिवस, माघ १६ गते विहिवार ।
(ङ) राष्ट्रिय प्रजातन्त्र दिवस, फागुन ७ गते बुधवार ।
(च) अन्तर्राष्ट्रिय अपाङ्ग दिवस, (डिसेम्बर ३) मंसिर १८ गते बुधवार (नेपाल भित्रका सम्पूर्ण अपाङ्ग कर्मचारीहरुको लागि)

९. शुभजयन्ती बिदा :
(क) वुद्ध जयन्ती जेठ ७ गते मंगलवार ।
(ख) श्रीकृष्ण जन्माष्टमी भाद्र ७ गते शनिबार ।
(ग) रामनवमी (राम जयन्ती) बैशाख २ गते सोमबार ।
(घ) रामनवमी (राम जयन्ती) चैत्र २१ गते शुक्रबार ।

१०. सट्टा विदा :

अस्पताल, रोपवे, टेलिफोन, प्रहरी, अध्यागमन, थाना, चौकी, फायर ब्रिगेड, टक्सार, रेडियो नेपाल, नेपाल टेलिभिजन, नेपाल सरकार मुद्रण विभाग, हुलाक, आकाशवाणी आदि जस्ता रोजना र आकस्मिक सेवा प्रदान गर्ने मन्त्रालय, विभाग तथा कार्यालयहरुले सार्वजनिक विदाका दिनमा समेत काम काज गर्नु पर्ने हुंदा त्यस्ता कार्यालयहरुमा दैनिक काम नरोकिने गरी सार्वजनिक विदाका दिन काम गरेवापत प्रचलित कानूनको रीत पुर्‍याई सट्टा विदा वस्न पाइने ।

११. कार्यालय हाजिर हुने र छुट्ने समय :

नेपाल राज्यभरका सवै सरकारी कार्यालयहरुमा शुक्रवार वाहेक माघ १६ गते देखि कार्तिक १५ गते सम्म विहान १०:०० बजे हाजिर भई अपरान्ह ५:०० बजे छुट्ने र कार्तिक १६ गते देखि माघ १५ गते सम्म विहान १०:०० बजे हाजिर भई अपरान्ह ४:०० बजे छुट्ने । शुक्रवारको हकमा विहान १०:०० बजे हाजिर भई अपरान्ह ३:०० बजे छुट्ने ।

*द्रष्टव्य :*

*"आधा दिन" भन्नाले कार्तिक १६ गते देखि माघ १५ गते सम्म तीन महिनाको निम्ति १:०० बजे र माघ १६ गते देखि कार्तिक १५ गते सम्म दिनको १.३० बजेसम्म सम्झनु पर्दछ ।*

आज्ञाले,
प्रतापकुमार पाठक
नेपाल सरकारको नि. सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।–

Scanned by CamScanner